श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३२ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि बिबिध बिरुदावली बिराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्बिराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाह देव देवानाम् सदा समरबिजयिनाम् ।

श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न बनेको ऐन

प्रस्तावना:– श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न केही कर, महसूल, पोत, र दस्तूर रोयल्टी लगाउन तथा लगाइराखेकोलाई चालू राख्न र हेरफेर गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "आर्थिक ऐन, २०३२" रहेको छ ।

(२) यस ऐनको दफा १ र २ मिति २०३२।३।२२ देखि र अरू दफाहरू २०३२।४।१ देखि प्रारम्भ हुनेछन् ।

२. भन्सार महसूल:– आर्थिक वर्ष २०३२।३३ सम्ममा नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरूमा अनुसूची १,२, ३, ४ र ४ (क) बमोजिम भन्सार महसूल लगाइने र असूल उपर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर ए. आर. वन. फाराम अन्तर्गत आयात गरिने मालसामानको अन्तःशुल्क बृद्धि भएमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी श्री ५ को सरकारले सो बृद्धि भएको रकम जतिसम्म अनुसूची २ मा उल्लेख भएको तेस्रो मुलुकको पैठारी भन्सार महसूलदर बढाउन सक्नेछ।

३. बिक्री करः– आर्थिक वर्ष २०३२।३३ मा बिक्री कर लाग्ने मालसामान उत्पादन गर्ने फैक्टरी-बाट बिक्री गरेको अवस्थामा र बिदेशबाट पैठारी हुनेमा भन्सार महसूल असूल गरिने अवस्थामा अनुसूची ५ बमोजिम बिक्री कर लगाइने र असूल उपर गरिनेछ।

४. हवाई उडान करः– आर्थिक वर्ष २०३२।३३ मा अन्तर्राष्ट्रिय हवाई उडान गर्ने यात्रु-हरूलाई प्रति व्यक्ति बीस रूपैयाँ र श्री ५ को सरकारले तोकेको दुर्गमक्षेत्रमा बाहेक अरू क्षेत्रमा आन्तरिक हवाई उडान गर्ने यात्रुहरूलाई प्रति व्यक्ति पाँच रूपैयाँका दरले हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ।

५. आय करः– आर्थिक वर्ष २०३२।३३ मा अनुसूची ६ बमोजिम आय कर लगाइने र असूल उपर गरिनेछ।

६. शहरी क्षेत्रको घर जग्गामा करः– आर्थिक वर्ष २०३२।३३ मा अनुसूची ७ बमोजिम शहरी क्षेत्रको घर जग्गामा घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ।

७. घर जग्गा बहाल करः– आर्थिक वर्ष २०३२।३३ मा अनुसूची ८ बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ।

८. ठेक्का करः– आर्थिक वर्ष २०३२।३३ मा नेपाल अधिराज्यभित्र मुनाफा गर्ने उद्देश्यले कसैले कुनै काम गर्न दश हजार रूपैयाँभन्दा बढी हुने गरी एक वा एकभन्दा बढी ठेक्का लिएकोमा सो ठेक अङ्कको साढे दुई प्रतिशतका दरले ठेक्का कर लगाइने र असूल उपर गरिनेछ।

९. होटेल करः– आर्थिक वर्ष २०३२।३३ मा होटेल, होटेल अन्तर्गतको बार रेष्टूराँ लगायत अन्य बार रेष्टूराँ (भट्टीहरू बाहेक) को बिलमा पाँच प्रतिशतका दरले होटेल कर लगाइने र असूल उपर गरिनेछ।

१०. सवारी करः– आर्थिक वर्ष २०३२।३३ मा अनुसूची ९ बमोजिम सवारी कर लगाइने र असूल उपर गरिनेछ।

११. सवारी साधन करः– आर्थिक वर्ष २०३२।३३ मा ट्रक बसबाहेक अरू सबै शक्ति सञ्चालित स्थलगामी सवारी साधनहरूमा अनुसूची १० बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ।

१२. आय टिकट दस्तूरः– आर्थिक वर्ष २०३२।३३ मा अनुसूची ११ बमोजिम आय टिकट दस्तूर लगाइने र असूल उपर गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. हातहतियार दस्तूरः– आर्थिक वर्ष २०३२।३३ मा अनुसूची १२ बमोजिम हातहतियार दस्तूर लगाइने र असूल उपर गरिनेछ।

१४. मालपोतः– आर्थिक वर्ष २०३२।३३ मा अनुसूची १३ बमोजिम मालपोत लगाइने र असूल उपर गरिनेछ।

१५. रजिष्ट्रेशन दस्तूरः– आर्थिक वर्ष २०३२।३३ मा अनुसूची १४ बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ।

१६. रोपवे करः– आर्थिक वर्ष २०३२।३३ मा रोपलाइनको चालू रहेको समयको हिसाबबाट प्रति घण्टाको एक सय पचास रूपैयाँका दरले रोपवे कर लगाइने र असूल उपर गरिनेछ।

१७. विद्युत् रोयल्टीः– आर्थिक वर्ष २०३२।३३ मा प्रतियुनिट साढे सात पैसाका दरले विद्युत् रोयल्टी लगाइने र असूल उपर गरिनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२८

भन्सार महसूल दरबन्दी

अनुसूची–१

गणतन्त्र चीनको तिब्बती क्षेत्रबाहेक अन्य मुलुकहरूमा नेपाल अधिराज्यबाट निकासी हुने मालवस्तुहरूको भन्सार महसूल दरबन्दी

संकेत नम्बर	माल वा वस्तुको नाम	इकाई	निकासी महसूल दर
६७१–०२	प्लाटिनम र ऐ वर्गका धातु (सुन चाँदीको सिक्का समेत)	मो. प्र. श.	२०

उपर्युक्त अनुसूची १ मा नपरेको वस्तुको निकासी भन्सार महसूल आर्थिक ऐन; २०३१ को अनुसूची १ बमोजिम असूल उपर गरिनेछ।

द्रष्टव्यः– निकासी हुने मालको मूल्य निर्धारण गर्दा नेपाल अधिराज्यको भन्सारको प्रचलित मूल्य (एफ. ओ.बी.) कायम गरी निकासी भन्सार महसूल लिइनेछ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार महसूल दरबन्दी

अनुसूची–२

नेपाल अधिराज्यमा पैठारी हुने मालवस्तुहरूको भन्सार महसूल दरबन्दी

संकेत नम्बर	माल वा वस्तुको नाम	इकाई	भारतबाट (ए.आर.वन. फारामबाहेक) पैठारी भएको मालमा लाग्ने		गणतन्त्र चीनको तिब्बत क्षेत्र बाहेक अन्य मुलुकबाट पैठारी भएको मालमा लाग्ने	
			पैठारी महसूल दर (१)	मोल माथि लाग्ने सरचार्ज (प्रतिशतमा) (२)	पैठारी महसूल दर (३)	मोलमाथि लाग्ने सरचार्ज (प्रतिशतमा) (४)
०६१–०२	चिनी (सेतो चिनी), मिस्री	किलोग्राम रु.	१०६	१०	१५०	—
११२–०१	बियर ६ प्रतिशत अलकोहलभन्दा कम्ती	मो. प्र. श.	७०	११०	७०	११०
	(अल्कोहल वा १०½ प्रतिशतभन्दा कम्ती प्रूफ (लण्डन प्रूफ) स्पिरिट [illegible]को) प्रति लिक्वीड (तरल)	वा ग्यालन रु. जुन बढी हुन्छ	१५।८	११०	१५।–	११०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

११२–०२	ब्राण्डी, ह्विस्की, कोनाक, जिन, भोडका, मोथाइ, श्रक्वाभिटा, डिस्टिल गरी झिकेको रक्सीहरु प्रति प्रूफ स्पिरिट	मो. प्र. श.	३३०	१२०	३३०	१२०
		वा ग्यालन रु.	३३०।–	१२०	३३०।–	१२०
		जुन बढी हुन्छ				
११२–०३	सबै किसिमको रस, श्ररख वा प्राकृतिक रक्सी सेम्पेन, भरमाउथ, कंपारिसाइडर लिक्योर समेत प्रति प्रूफ स्पिरिट	मो. प्र. श.	१७५	८०	१७५	८०
		वा ग्यालन रु.	२५०।–	८०	२५०।–	८०
		जुन बढी हुन्छ				
११२–०३ (क)	वाइन प्रति प्रूफ स्पिरिट	मो. प्र. श.	१००	७०	१००	७०
		वा ग्यालन रु.	१५०।–	७०	१५०।–	७०
		जुन बढी हुन्छ				
१२२–०१	सिगार					
	(क) एकसय खिल्लीको रु.३।३८ भन्दा कम्ती मोल पर्ने–	सय खिल्लीको रु.	१।५०	५५	१।७०	५५
	(ख) एकसय खिल्लीको रु.३।३८ देखि रु.६।७५ सम्म मोल पर्ने–	सय खिल्लीको रु.	२।२८	५५	२।५६	५५
	(ग) एक सय खिल्लीको रु. ६।७५भन्दा बढी रु. २०।२५ सम्म मोल पर्ने–	सय खिल्लीको रु.	६।०८	५५	६।२०	५५
	(घ) एकसय खिल्लीको रु.२०।२५भन्दा बढी रु. ३३।७५ सम्म मोल पर्ने–	सय खिल्लीको रु.	१२।१५	५५	१८।६३	५५
	(ङ) एकसय खिल्लीको रु.३३।७५भन्दा बढी मोल पर्ने–	सय खिल्लीको रु.	१८।–	५५	३१।–	५५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

				हजार खिल्ली		हजार खिल्ली
१२२–०२१	सिगरेट (चुरोट) प्रति हजार खिल्ली रु. १०।–] सम्म मोल पर्ने–	मो. प्र. श.	११०	१३।२५	११०	१३।२५
१२२–०२२	सिगरेट रु.१०।–भन्दा बढी रु.३४।–सम्म मोल पर्ने	मो. प्र. श.	१४०	१५।–	१४०	१५।–
१२२–०२३	सिगरेट रु.३४।–भन्दा बढी रु.५०।–सम्म मोल पर्ने	मो. प्र. श.	२४०	२०।–	२४०	२०।–
१२२–०२३(क)	सिगरेट रु.५०।–भन्दा बढी मोल पर्ने–	मो. प्र. श.	३००	२५।–	३००	२५।–
१२२–०३३	पाइपको सूर्ति	किलोग्राम रु.	२५।–	–	५०।–	–
२७२–०५१	नून (सादा)	किलोग्राम रु.	माफी		माफी	–
३११–०१	पत्थरकोइला	किलोग्राम रु.	माफी		माफी	–
३११–०२	कोक (पोलिएको पत्थर कोइला)	किलोग्राम रु.	माफी	–	माफी	–
३११–०३	पत्थरकोइला र कोकको धूलोको चक्का (ब्रिकेट)	किलोग्राम रु.	माफी	–	माफी	–
६७१–०२	प्लाटिनम र ऐ वर्गका धातु (सुन,चाँदीको सिक्का समेत)	मो. प्र. श.	२०	–	२०	–
६९९–	लाइटर	मो. प्र. श.	२५	–	३०	–
६९९–	लाइटरको पत्थर (फ्लिन्ट)	मो. प्र. श.	३५	–	४५	–
६९९–	लाइटर फ्यूएल (गैस र तरल)	मो. प्र. श.	२०	–	४०	–
६५३–०५२	नाइलन,टेरेलिन,डैक्रन,पोलिष्टर,भिष्कोस,सुटिंग फ्रेण्ट आदि यस्तै कपडा	मो. प्र. श.	६०	–	७५	–
६५३– ०१	रेशमी कपडा, मखमल	मो. प्र. श.	३५	–	४५	–
६५३– ०२	ऊनी कपडा, भायला र [illegible] कपडा	मो. प्र. श.	३५	–	४५	–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६५३– ०३	सन,लिनेन,पाट र हैम्प बनेका कपडाहरू	मो. प्र. श.	३५		४५	–
८४१–	(क) गञ्जी,मोजा,पञ्जा,गलबन्दी,टीशर्ट,स्वेटर आदि सूती	मो. प्र. श.	२५	–	३०	–
८४१–	(ख) गञ्जी,मोजा,पञ्जा,गलबन्दी,टीशर्ट,स्वेटर आदि सिल्क,आर्ट सिल्क,नाइलन,टेरेलिन र ऊनी आदिको	मो. प्र. श.	३५	–	४०	–
८४१–	(ग) तयारी लुगा सूती र ऊनी	मो. प्र. श.	४०	–	४५	–
८४१–	(घ) तयारी लुगा रेशम,आर्ट सिल्क,नाइलन, टेरेलिन आदिको	मो. प्र. श.	४०	–	४५	–
८४१– ०६	छाला र कृत्रिम छालाको तयारी लुगा	मो. प्र. श.	३५	–	४५	–
८४१– ०७	रबर,प्लाष्टिक र वाटरप्रूफका लुगाहरू	मो. प्र. श	३०	–	३०	–
८४१– १९	अरू सबै किसिमको कपडाको तयारी माल अन्यत्र नपरेको (टाई, स्कार्फ, रूमाल आदि समेत)	मो. प्र. श.	३०	–	४५	–
५५१– ०१	एसेन्स,एसेन्स पाउडर र एसेन्सबाट बनेका तेलहरू	मो. प्र. श.	२०	–	७५	–
५५१–०२१	नक्कली खुशबु,हेयर आयल,हेयर क्रीम,ब्रायलक्रीम	मो. प्र. श.	१५	–	४०	–
५५२–०२१	अत्तर	मो. प्र. श.	५०	–	६०	–
५५२–०१२	पाउडर, फा,मलम,स्नो,लोसन,हेयर लोसन,सेभ लोसन, हेयर स्प्रे, क्रीम, शृङ्गार वाकस, भेसलीन, पमेड, स्याम्पू, लिपष्टिक, नेल पालिस, गाजल, बिन्दी,आइब्रो पेन्सिल, सुरमा, खिजाव,युडिकोलन, लेक्टोकालामाइन आदि	मो. प्र. श.	४५	–	७०	–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 229

७२१– ०३		बिजुलीको चीम, आर्कलैम्प र फ्लोरेसेन्टट्यूबहरू					
	(क)	भैक्यूएम र गैस फील्ड बल्ब सबै किसिमको	मो. प्र. श.	२५	–	५०	–
	(ख)	मिनिएचर लैम्पको बल्ब	मो. प्र. श.	२५	–	५०	–
	(ग)	फ्लोरेसेन्ट ट्यूब	मो. प्र. श.	२५	–	५०	–
	(घ)	सोडियम मर्क्युरी भैपर डिस्चार्ज लाइट	मो. प्र. श.	२५	–	५०	–
	(ङ)	अरू सबै किसिमको अन्यत्र नपरेको	मो. प्र. श.	२५	–	५०	–
७२१– ०६		बिजुलीको घरायसी माल हिटर, कुकर, टोस्टर सेभर, इस्त्री, भाइब्रेटर, ग्रिण्डर, मिक्स्चरर आदि (बैटरीबाट चल्नें यस्तै सामान समेत)	मो. प्र. श.	४०	–	५०	–
७२१– १५	(क)	ताप नियन्त्रण गर्ने र बरफ पार्ने सरजाम एयर कूलर, एयर कण्डिशनर र रेफ्रिजरेटर	मो. प्र. श.	७५	–	१००	–
७३२– ०१	(क)	मोटर कार (वाइगन कार समेत) १३०० सी. सी. सम्मको	मो. प्र. श.	१२५	–	१२५	–
			वा प्रति गाडि न्यूनतम रु. जुन बढी हुन्छ	६०००।–	२५	६०००।–	२५
	(ख)	ऐ १३०१सी.सी. देखि२०००सी.सी.सम्मको	मो. प्र. श.	१६०	–	१६०	–
			वा प्रति गाडि न्यूनतम रु. जुन बढी हुन्छ	१००००।–	२५	१००००।–	२५

मुद्रण विभाग, सिंहदरबार

	(ग) ऐ २००१सी.सी. देखि २६००सी.सी. सम्मको	मो. प्र.श. वा प्रति गाडी	२००	–	२००	–
		न्यूनतम रु. जुन बढी हुन्छ	१६०००।–	३०	१६०००।–	३०
	(घ) ऐ २६०१सी.सी.देखि बढी सी.सी. को	मो. प्र. श. वा प्रति गाडी	२४०	–	२४०	–
		न्यूनतम रु. जुन बढी हुन्छ	२६०००।–	३०	२६०००।–	३०
७३२– ०२	(क) जीप,लैण्डरोभर,स्टेशनवाइगन,क्रास कन्ट्रिकार (रसियन जीप)	मो. प्र. श. वा प्रति गाडी	१२५	–	१२५	–
		न्यूनतम रु. जुन बढी हुन्छ	७५००।–	३०	७५००।–	३०
	(ख) भ्यान(अगाडि सिटमात्र भएको),पिक अप भ्यान,माइक्रो बस,(७ भन्दा बढी सिट भएको वा पछाडि खुला भएको),मिनी बस (१२ देखि ३० सिट भएको)	मो. प्र. श. बा प्रति गाडी	१००	–	१००	–
		न्यूनतम रु. जुन बढी हुन्छ	५०००।–	३०	५०००।–	३०

मुद्रण विभाग, सिंहदरबार

233

७३२– ०४	सबै किसिमको बस,ट्रक,लहरी,मोटर गाडीको स्पेयर इन्जीन र चेसिस	मो. प्र. श.	६०	–	६०	–
७३२– ०३	(क) मोटर साइकल र मोटर भएका सबै किसिमका साइकल,अटो साइकल,स्कूटर,अटो रिक्सा र अरू तीन पहियावाला गाडीहरू	मो. प्र. श.	५०	–	५०	–
	(ख) तर इन्जीनको क्यूबिक केपेसिटी ७५सी.सी. सम्म मात्र भएमा	मो. प्र. श.	२५	–	२५	–
७३२– ०७	मोटर साइकलका पार्टपूर्जा	मो. प्र. श.	१५	–	३०	–
८६४–०१३	घडीको चेन, बेल्ट सबै किसिमको	मो. प्र. श.	२०	–	२५	–
८९५–०११	फाइलिंग क्याबिनेट,रैंक,कागज राख्ने ट्रे आदि यस्तै किसिमका सामानहरू धातुका समेत (फर्निचर बाहेक)	मो. प्र. श.	२०	–	२०	–

उपर्युक्त अनुसूची २ मा नपरेको बस्तुहरूको पैठारी भन्सार महसूल तथा सरचार्ज आर्थिक ऐन, २०३१ को अनुसूची २ बमोजिम असूल उपर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

भन्सार महसूल दरबन्दी

अनुसूची—३

नेपाल अधिराज्यबाट गणतन्त्र चीनको तिब्बत क्षेत्रमा निकासी हुने र सो क्षेत्रबाट नेपाल अधिराज्यमा पैठारी हुने मालबस्तुको भन्सार महसूल र सरचार्ज आर्थिक ऐन, २०३१ को अनुसूची ३ बमोजिम असूल उपर गरिनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

232

भन्सार महसूल दरबन्दी

अनुसूची–४

नेपाल अधिराज्यमा भारतबाट ए. आर. वन. फर्मद्वारा पैठारी हुने मालसामानमा आर्थिक ऐन, २०३१ को अनुसूची ४ बमोजिम सरचार्ज असूल उपर गरिनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३६

भन्सार महसूल दरबन्दी

अनुसूची–४ (क)

भारतको वण्डेड स्टक (भारतीय अन्तः शुल्क वा कर नलागेको) बाट नेपाल अधिराज्यमा पैठारी हुने मालसामानमा आर्थिक ऐन, २०३१ को अनुसूची ४ (क) बमोजिम पैठारी भन्सार महसूल तथा सरचार्ज असूल उपर गरिनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2360

अनुसूची–५
बिक्री कर

संकेत नंबर	माल वा यस्तुको नाम तथा विवरण	मूल्यको प्रतिशत ५ प्र. श.	मूल्यको प्रतिशत १० प्र. श.
	१. तयारी छाला		
१–१	जीव जन्तुको तयारी छाला वा तयारी भुवादार छाला	५	–
१–२	सबै किसिमका सिन्थेटिक छाला भुवादार समेत	५	–
१–३	सबै किसिमका जीवजन्तुको छाला	५	–
१–४	सबै किसिमका छाला र सिन्थेटिक छालाबाट तयार भएका सामानहरू	–	१०
	२. काठ र काठबाट बनेका मालसामानहरू		
२–१	सबै जातका काठ (बाल्ने दाउरा, काँचो बाँस र काँचो वेत बाहेक)	५	–
२–२	सबै किसिमका प्लाइउड, भेनिष्टा, हार्डबोर्ड फाइवर बोर्ड स्ट्राबोर्ड र सनमाईका आदि	–	१०
२–३	काठका पीपा र निर्माणका सामग्री ढोका, चौखाट, फ्रेम, पारक्वेट, झ्याल र पल्ला इत्यादि	–	१०
२–४	काठका सबै किसिमका फर्निचरहरू	–	१०
२–५	बाँस, वेतका फर्निचरहरू	–	१०
२–६	काठ, छाला, रबर, प्लास्टिक र धातु मिश्रित सबै किसिमका फर्निचरहरू	–	१०
२–७	काठ र कर्कबाट बनेका सामानहरू	–	१०
	३. धागो तथा कपडा		
३–१	ऊनी धागो	५	–
३–२	रेशम, आर्टशिल्क तथा कृत्रिम धागो	–	१०
३–३	सुती गोली धागो तथा रील	–	१०
३–४	सबै किसिमको सुती कपडा र छाताको सिलाएको कपडा	५	–
३–५	ऊनी, रेशमी, नाइलन, टेरेलीन, डाइक्रोन, जार्जेट, टेरिकटन तथा अन्य कृत्रिम रेशाबाट बनेका कपडाहरू	–	१०
३–६	सबै किसिमका रीवनहरू	–	१०
३–७	सबै किसिमका लेसहरू	–	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३-८	सब किसिमका तयारी कपडाहरू (टोपी, गन्जी, मोजा, पन्जा, टिशर्ट, बुशर्ट, कमिज, कोट, गाउन तथा स्वीटर र टाइ आदि)	–	१०
३-९	बोरा, हैसियन तथा सुतली आदि	५	–
३-१०	क्यानभास	–	१०
३-११	सबै किसिमका डोरी तथा विक्स (फित्ता)	५	–
३-१२	छाता र छाताको सामान तिली, घिरी, डण्डी, मुठ आदि	५	–
३-१३	बर्सादी, वाटरप्रूफ	–	१०
३-१४	धातु, सुन, चाँदीको धागो वा ती मिसिएको धागोहरू र त्यसबाट बनेका कपडाहरू	–	१०
३-१५	होजियरी कपडा	–	१०
३-१६	सबै किसिमको मैनकपडा र त्रिपाल, पाल कनाथ समेत	–	१०
३-१७	रबर, लिनोलियम वा अरू सामान मिश्रित भएका कपडाहरू	–	१०
३-१८	ग्याँठवाला कपडा र इलास्टिक फित्तासमेत	–	१०
३-१९	कपडा वा यस्तै अन्यत्र नपरेको मालहरू जस्तै; लालटीन स्टोवको बत्ती, होज पाइप, मेशिनको बेल्ट, मेन्टलको जाली बकस, सोल्डरप्याद आदि	–	१०
३-२०	ऊनी रेशमी वा कृत्रिम रेशाबाट बनेका चादर, कम्बल, शाल, रग, दोसल्ला आदि	–	१०
३-२१	सबै किसिमको कपडा र त्यसबाट तयार भएका सामानहरू (अन्यत्र नपरेको)	–	१०
३-२२	जूट (पाट), कपास, सिमलको भुवा र अन्य वनस्पति रेशा	५	–
३-२३	सुती कम्बल र सुती रेशाबाट बनेको चादर शाल, रङ्ग दोसल्ला पछ्यौरा आदि	५	–

४. फ्लोरिङ्गका सामानहरू

४-१	सुती सतरन्जा, दरी र टाट	–	१०
४-२	मखमली, ऊनी, शिल्क, सुती वा कृत्रिम रेशाबाट बनेको गलैंचा कार्पेट वा जमीन ढाक्ने कम्बल	–	१०
४-३	लिनोलियम वा त्यस्तै पदार्थहरू	–	१०
४-४	जूट, कार्पेट, अन्य फ्लोरिङ्ग र फर्निसिङ्गका सामानहरू	–	१०

५. पेट्रोल तथा पेट्रोलबाट उत्पादित पदार्थहरू

५-१	मट्टितेल, क्रुड आयल वा सबै किसिमको ग्याँस	५	–
५-२	पेट्रोल, ग्यासोलिन, एभिएशन फ्युल, डिजेल आयल, स्पेण्डल आयल, ब्रेक आयल, गियर आयल, मोबिल आयल, लुब्रिकेटिङ्ग आयल, ग्रीज आदि	५	–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५–३	अलकत्रा तथा अस्फाल्ट	५	–

६. यातायातका सामग्रीहरू

६–१	मोटर कार, जीप ल्याण्डरोभर, स्टेशन वाइगन, भ्यान, पीकअप, वस, ट्रक, लहरी तथा सबै किसिमका लाइट हेभी भेहिकल्स र इक्वीपमेन्ट आदि र तत्सम्बन्धी पार्टपूर्जाहरू	–	१०
६–२	मोटर साइकल र मोटर भएका सबै किसिमका साइकल, स्कूटर, अटोरिक्सा,स्कूटर रिक्सा र तत्सम्बन्धी पार्टपूर्जाहरू	–	१०
६–३	साइकल रिक्सा र तत्सम्बन्धी पार्टपूर्जाहरू	–	१०

७. सिमेन्ट तथा सामानहरू

७–१	सबै किसिमका सिमेन्ट र त्यसबाट बनेका सामानहरू	–	१०
७–२	एसवेसटसशीट र त्यसबाट बनेका सामानहरू	–	१०
७–३	मार्वलस्लेट तथा चीप आदि	–	१०
७–४	सिमेन्ट तथा अन्य खनीज पदार्थबाट बनेको निर्माण समग्रीहरू, र पिंढ्ने अर्थात् ज्यावलमा साँध लगाउने (पालिस गर्ने) सामानहरू	–	१०

८. धातुबाट बनेका सामानहरू

८–१	सबै किसिमका घरायसी भाँडाकुंडा पन्यु, कसौदी, ताप्के, कचौरा, गिलास, थाल इत्यादि	५	–
८–२	सबै किसिमको कटलरी सामान आदि	–	१०
८–३	सबै धातुबाट बनेको सियो	५	–
८–४	कलधाराका सामान फिल्टर र टुटी समेत (पाइप सकेट बाहेक)	५	–
८–५	काष्ट आइरन, फलाम, इस्पात र अरू धातुबाट बनेको दलिन, सत्तरी, ऐंगील, चादर, पाता, जस्ता, गेलभानाइज शीट आदि र शीशा धाउ	–	१०
८–६	डण्डी, पाइप, डोरी, जाली, बोल्ट, किला, सिक्रि आदि	–	१०
८–७	निर्माण काममा प्रयोग हुने काष्ट आइरन, फलाम वा अरू धातुको ढोका, झ्याल रेलिङ्ग आदि	–	१०
८–८	सबै किसिमका ज्यावलहरू (कृषि औजार बाहेक)	५	–
८–९	सबै किसिमका धातुबाट बनेका ताल्चा, साँचो, कब्जा, छेस्कीन र हाण्डल आदि	–	१०
८–१०	धातुबाट बनेका स्टोव, अंगिटी, हिटर, दमचुली, इस्त्री र टंकी आदि	–	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८–११	लाइटर, लाइटर पत्थर र तत्सम्बन्धी मालसामानहरू	–	१०
८–१२	स्टेनलेस स्टील र त्यसबाट बनेका सबै प्रकारका मालसामानहरू	–	१०
८–१३	सुन, चाँदीबाट बनेका सबै किसिमका भाँडा कुंडाहरू	–	१०
८–१४	ट्यूववेल र ऐजनका सामानहरू	५	–
८–१५	खाली ड्रम, टीन र कन्टेनरहरू	५	–
८–१६	सेफ, क्यास बक्स र धातुको फर्निचरहरू समेत	–	१०
८–१७	सबै किसिमको मेटालाइज्ड पेपर	–	१०
८–१८	सबै किसिमको ढक, काँटा (तौल गर्ने)	५	–
८–१९	धातु वा ऐजनको मिश्रणबाट बनेको मालसामानहरू अन्यत्र नपरेको जस्तै सिगरेट केस, साँचोको रिङ, क्लिप, हुप तार, तारको ब्रुस मेन्टोल आदि	–	१०
८–२०	सबै किसिमका धातुका टुक्रा टुक्रीहरू	५	–
८–२१	फायल ग्रीस	–	१०

९. रबर, कृत्रिम रबर र सोबाट बनेका सामानहरू

९–१	रबर मिश्रित मालहरू	–	१०
९–२	फोम, रबर वा यस्तै स्पन्ज रबरबाट बनेका सबै किसिमका मालसामानहरू	–	१०
९–३	रबरका टायर ट्यूवहरू	–	१०
९–४	पोलिथिन पाइप, ट्यूव आदि	–	१०
९–५	प्लाष्टिक र ऐजनबाट बनेका सामानहरू	–	१०
९–६	पोलिथिन पेपर, वैग र अन्य तयारी सामानहरू	–	१०

१०. श्रृङ्गारका सामानहरू

१०–१	सबै किसिमका हेयर आयल	–	१०
१०–२	अत्तर र अन्य इसेस खुसबुहरू, गुलावजल, केवलाजल आदि	–	१०
१०–३	सबै किसिमका रेजर ब्लेड तथा रेजर सेट, नेलकटर र कैंची आदि	–	१०
१०–४	पाउडर, स्नो, क्रीम, सेम्पू, भेस्लीन, नेलपालिस, सूर्मा, खिजाब, लिपस्टीक, लोसन, सेन्ट, गाजल र अन्य यस्तै सुन्दरता र श्रृङ्गारका काममा प्रयोग हुने सबै किसिमका सामानहरू	–	१०
१०–५	टूथपेष्ट वा टूठ पाउडर र ब्रुस	–	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०–६	लुगा धुने साबुन	५	–
१०–७	अन्य सबै किसिमका साबुन	–	१०
१०–८	सबै किसिमको पालिस	–	१०
१०–९	सबै किसिमको सफा गर्ने धूलो, झोल आदि पदार्थहरू जस्तै; टिनोपाल, भीम पाउडर, काष्टिक सोडा आदि	–	१०

११. काँच र पोर्सिलिनका सामानहरू

११–१	काँच र काँचबाट बनेका सामानहरू	–	१०
११–२	सबै किसिमका थर्मस फ्लास्क	–	१०
११–३	नक्कली जवाहरात र सोबाट बनेका गहना, पोते र चूरा (टीका टीकुलीबाहेक)	–	१०
११–४	काँच र पोर्सिलिनबाठ बनेका कलात्मक वस्तुहरू	–	१०
११–५	पोर्सिलिनका अन्य सामानहरू	–	१०
११–६	चिनियाँ माटोबाट बनेका सबै किसिमका सामान	–	१०

१२. कागज र त्यसबाट बनेका सामानहरू

१२–१	भित्तामा टाँस्ने कागज र सजावतका कागजहरू	–	१०
१२–२	अल्वम	–	१०
१२–३	कागज वा पल्पको बोर्ड (वार्निस वा अलकत्रा लगाएको समेत)	–	१०
१२–४	कागजबाट बनेका अन्य सामानहरू जस्तै, झोला, कन्टेनरहरू साधारण प्याक गर्ने कागज, न्यापकीन ट्वाइलेट पेपर, खाक्सी	–	१०

१३. अफिसका सामानहरू

१३–१	टाइपराइटर, क्यालकुलेटिङ्ग मेशिन, डुप्लिकेटर, डिक्टाफोन मेशिन आदि	–	१०
१३–२	घण्टी, पेपरवेट, पन्चीङ्ग मेशिन, सबै प्रकारका फोनटेनपेन, डटपेन, कलवेल, पिनवल, स्टाप्लीङ्ग मेशिन आदि (शीशा कलमबाहेक)	–	१०
१३–३	अफिसमा प्रयोग हुने अन्यत्र नपरेका मेशिन र स्टेशनरी सामानहरू र टाइप पेपर (तर साधारण लेखपढका सामानहरू जस्तै कागज, शीशाकलम, मसी भर्न नहुने होल्डर, इरेजर रुलर, रजिष्टर कापी, मसी, स्वदेशी खाम, फाइल र इन्स्ट्रूमेन्ट बक्स र न्यूजप्रिण्ट पेपरबाहेक)	–	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. मेशिन तथा विजुलीका सामानहरू

१४–१	सबै किसिमका मेशिन र तत्सम्बन्धी पार्टपूर्जाहरू (औद्योगिक) मेशिन, कृषिसम्बन्धी मेशिन र तत्सम्बन्धी पार्टपूर्जाहरू बाहेक)	५	–
१४–२	सबै प्रकारका टर्च र सबै प्रकारका बेट्री र तत्सम्बन्धी सामानहरू	–	१०
१४–३	रेडियो, टेलिभिजन, ट्रान्जीष्टर, रेडियो ग्राम, रिकर्ड प्लेयर टेपरिकर्ड, टेप लाउड स्पीकर, ग्रामोफोन, माइक्रोफोन र अन्य यस्तै प्रकारका सामानहरू र तत्सम्बन्धी पार्टपूर्जाहरू	–	१०
१४–४	टेलिफोनको सेट र तत्सम्बन्धी मालसामानहरू	–	१०
१४–५	विजुलीको घरायसी माल (रेफ्रिजरेटर, डिपफ्रीज, हिटर, पंखा, एयर कण्डिशन, एयर कूलर आदि)	–	१०
१४–६	विजुलीको बल्ब, तार र तत्सम्बन्धी अन्य सामानहरू	–	१०
१४–७	निर्माणमा प्रयोग हुने सबै किसिमका मेशिनहरू जस्तै; कंक्रिट मिक्स्चरर, भाइब्रेटर पलिसिङ्ग मेशिन आदि	५	–
१४–८	विजुलीका सबै किसिमका मिटर, औजार, ज्यावल, यन्त्र, जेनेरेटर, प्रोजेक्टर मोटर र वेल्डिङ्गका सामानहरू, माइक्रो–मिटर, आइल मिटर, ग्याँस मिटर र प्रेस गेज	५	–

१५. बाथरूमका मालसामानहरू

१५–१	बाथरूमका सबै किसिमका सामानहरू (किरासिनर विजुलीका हिटर लगायत)	–	१०

१६. सफरका सामानहरू, तयारी पोशाक तथा जुत्ताहरू

१६–१	छाला र कृत्रिम छालाबाट बनेका सुटकेश, ब्रिफकेश, सबै प्रकारका ह्याण्ड ब्याग, पेटी, टोपी, पन्जा, र स्लीपिङ्गव्याग आदि	–	१०
१६–२	सबै किसिमका श्रृङ्गारका बाकस, तयारी पोशाक आदि	–	१०
१६–३	सबै किसिमका जुत्ता, सेण्डल, चप्पल आदि	–	१०
१६–४	धातुबाट बनेका टंक बाकस	५	–
१६–५	प्लाष्टिक, फाइबर, कार्डबोर्ड, क्यानभास र अरू सामान-बाट बनेको बाकस, सुटकेश, ट्रेभलिङ्ग व्याग, बेड होल्डर र यस्तै सफरका सामानहरू	–	१०
१६–६	ह्याण्ड ब्याग, पर्स, झोला, मनीव्याग आदि	–	१०

१७. वैज्ञानिक यन्त्र चश्मा तथा फोटोग्राफिक सामानहरू

१७–१	चश्मा र तत्सम्बन्धी मालसामानहरू	–	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७–२	सबै प्रकारका केमरा, फिल्म डेभलपिङ्ग पेपर, एक्सपोजर मिटर, लेन्स, स्टाण्ड, टेलिस्कोप, फ्लेसगन तथा फोटोग्राफिकका अन्य मालसामानहरू र पूर्जाहरू	–	१०
१७–३	माइक्रोस्कोप र अन्य वैज्ञानिक अनुसन्धामा प्रयोग हुने यन्त्रहरू	५	–
१७–४	सबै किसिमका फिल्म र सिनेमाको लागि तयारी फिल्म	–	१०
१७–५	सबै किसिमका घडीहरू, घडीको पार्टपूर्जा र बेण्डहरू	–	१०
१७–६	भ्यूवर, स्लाइड, दूर्बिन आदि	–	१०
१७–७	फोटोग्राफी स्टुडियोसम्बन्धी रासायनिक मसला, केमिकल एसिड र अरू यस्तै सामानहरू समेत	–	१[illegible]
१७–८	सिनेमा फिल्म खिची सकेको (फिर्ता पठाउने स्तरमा अस्थायी पैठारी भएको बाहेक)	–	१०

१८. संगीतका वाद्ययन्त्र

१८–१	पियानो र विजुलीबाट सञ्चालन हुने सबै प्रकारका वाद्ययन्त्र	–	१०
१८–२	अन्य वाद्ययन्त्र (मादल बाहेक)	५	–

१९. खरखजाना तथा हतियार

१९–२	सबै किसिमका हातहतियार र तत्सम्बन्धी मालसामानहरू	–	१०
१९–२	सबै किसिमका विस्फोटक पदार्थहरू (आतसवाजीको सामान समेत)	५	–

२०. सुन, चाँदी, प्लाटिनम र जवाहिरात

२०–१	सुन, चाँदीबाट बनेको गहना तथा मालसामानहरू (घरेलु उद्योगस्तरबाट बनेको बाहेक)	–	१०
२०–२	प्लाटिनम र ऐ वर्गका धातु	–	१०
२०–३	सक्कली जवाहिरात र सोबाट बनेका गहना तथा मालसामानहरू	–	[illegible]
२०–४	सुन, चाँदी नक्कली गहना र स्टोनहरू	–	१०

२१. सूर्ती सिगार र सिगरेट

२१–१	सबै प्रकारका चुरोट, सिगार र पैकभएको सूर्ती	–	१०
२१–२	सबै किसिमको पाइप	–	१०
२१–३	विडी	५	–

२२. पेय पदार्थ

२२–१	सबै किसिमको वियर, ब्राण्डी, ह्विस्की, रम, जीन र यस्तै किसिमका सबै अल्कोहल मिश्रित पेयहरू तथा शुद्ध अल्कोहल	–	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२–२	रक्सी नपरेको पिउने पदार्थ जस्तै, मिनरल वाटर कोकोकोला आदि	–	१०
२२–३	रक्सी बनाउँदा मिसाउने अल्कोहल, एसेन्स, रङ्ग, ब्लैण्डेड ह्वीस्की आदि	–	१०

२३. सुख्खा फलफूल र बोतल वा टीन प्याक सामानहरू

२३–१	सबै किसिमका ड्राइफ्रुटहरू जस्तै, काजु, किसमिस, वदाम, ओखर, दाख, पेस्ता, नरिवल, मखना, चिरौजी, अलैंची, ल्वाङ, सुपारी तथा सुकुमेल आदि	–	१०
२३–२	सबै किसिमको धातु, शिशी वा प्लाष्टिक बट्टामा प्याक भएको फ्रूट जूस, सर्वत, मार्मलेड, सस, जाम, स्क्वास र पिकल्स आदि	–	१०
२३–३	सबै किसिमका प्याक भएको विस्कूट, कर्न फ्लेक्स, माइक्रोनी र सीफूड र माछा आदि (वेवी फूड बाहेक)	–	१०
२३–४	पीपलमेण्ट, टफी, चक्लेट र चुइगम आदि	–	१०
२३–५	चिया, कफी, कोको माल्ट र अन्य यस्तै पदार्थहरू	–	१०
२३–६	सबै किसिमका वनस्पति घ्यू र टीन प्याक्ड क्रीम, मख्खन, चीज आदि (घ्यू र टीनमा प्याक नभएको मख्खन र चीज बाहेक)	–	१०
२३–७	कृत्रिम मखन (मार्जरीन)	–	१०
२३–८	हर्लिक्स, मिल्क पाउडर, कण्डेन्स्ड मिल्क, साबुदाना	–	१०
२३–९	प्याक भएको सागपात खाद्यान्न मासु आदि	–	१०
२३–१०	माछा मासुको एसेन्स	–	१०

२४. अन्यत्र नपरेको

२४–१	सलाई	५	–
२४–२	जीप फास्नर	–	१०
२४–३	टाँक वटन सबै किसिमको	–	१०
२४–४	सबै किसिमको खेलौना	५	–
२४–५	सबै किसिमका खेलकूदका सामान	५	–
२४–६	सबै किसिमका लाल्टेन, लम्फा आदि	५	–
२४–७	सबै किसिमका ब्रुशहरू	५	–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४–८	सबै किसिमका रसायनहरू	५	–
२४–९	कस्तूरी, हस्तीहाड भूवा, रौं, ऊन र सोबाट बनेका सामानहरू	–	१०
२४–१०	केशर	–	१०
२४–११	सबै किसिमका रङ्ग रोगनहरू जस्तै, बार्नेस, इनामेल, टारपिन, स्नोसैम आदि	–	१०
२४–१२	चमरीको पुच्छर, चराको प्वाँख, मानिसको रौं, सुंगुरको जगर	–	१०
२४–१३	गौलोचन	–	१०
२४–१४	मेन्टल क्रिस्टल, सिलिकेट, गुल्लु अर्थात् मौवाको तेल	–	१०
२४–१५	महुवा, टेमा, छुवा	–	१०
२४–१६	इष्ट, बैकिङ्ग पाउडर, एक्टीक ड्राइइष्ट र यस्तै रासायनिक पदार्थहरू	५	–
२४–१७	भरी ल्याएको ग्याँस सिलिण्डर र फायर एक्सटिंगुसर र त्यसको रिफिलसहरू	५	–
२४–१८	मैनबत्ती, प्याराफिन र यस्तै बल्ने वस्तुबाट बनाइएका चीजहरू र एण्टी मस्कीटो क्वाइल (धुप)	–	१०
२४–१९	सिनेमा कार्बोन	–	१०
२४–२०	सैन्थेटिक ग्लू, पारो (मर्करी), रवर, सल्यूशन, टेप, चपरा लाहा आदि	५	–
२४–२१	पानपत्ता, पानको मसला, खयर, नस र जर्दा	५	–
२४–२२	स्पीरिट	५	–
२४–२३	फर्निस आयल र जूट बैचिङ्ग आयल	५	–
२४–२४	अभ्रक	५	–

द्रष्टव्यः–

(१) रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० बमोजिम ठेक्का बन्दोबस्त भएको मदिराको विक्री कर ठेक रकमलाई डेढी (१॥) गरी विक्री मूल्य कायम मानी सीमा विक्री कर असूल उपर गरिनेछ।

(२) प्याक भएको भन्नाले कुनै चीज सड्ने गल्ने वा विग्रीनेबाट बचाउने एयर टाइट गरी प्याक भएको सम्झनुपर्छ। तर यसले कुनै चीज ढुवानी सम्बन्धमा प्याक हुने कन्टेनरलाई जनाउने छैन।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–६
आयकर

(क) आयकर नलाग्ने हद:–

(१) अविवाहिता व्यक्तिको निमित्त रू. ५,५०० सम्म
(२) विवाहित दम्पत्तिको निमित्त रू. ६,५०० सम्म
(३) परिवार भएका व्यक्तिहरूको निमित्त रू. ७,५०० सम्म

द्रष्टव्य:– (१) व्यापारिक फर्मलाई उक्त फर्मको मालिकको वैवाहिक स्थिति अनुसार उपर्युक्त बमोजिम छूटको सीमा निर्धारण गर्ने।

(२) घर जग्गा बहालको आय हुनेकोमा सो आयमा कर नलाग्ने रू. ३०००।– लाई समेत समावेश गरी उपर्युक्त बमोजिमको छूट निर्धारण गरिने छ।

(३) साझेदारी फर्म र स्वशासित संस्थालाई माथिको छूट दिइने छैन।

आयकर लाग्ने:–

छूट पछिको पहिलो रू.	५,०००।– मा	७ प्रतिशत
त्यसपछिको रू.	५,०००।– मा	१० प्रतिशत
त्यसपछिको रू.	१०,०००।– मा	२० प्रतिशत
त्यसपछिको रू.	१०,०००।– मा	३० प्रतिशत
त्यसपछिको रू.	१०,०००।– मा	४० प्रतिशत
त्यसपछिको रू.	५,००,०००।– मा	५५ प्रतिशत
त्यसपछि माथि जतिसुकै भएपनि		६० प्रतिशत

(ख) अस्थायी बासिन्दाको हकमा कुनै प्रकारको छूट नदिइ देहायबमोजिम आयकर लगाइनेछ।

पहिलो रू.	१०,०००।– मा	१५ प्रतिशत
त्यसपछिको रू.	१०,०००।– मा	२५ प्रतिशत
त्यसपछिको रू.	१०,०००।– मा	४० प्रतिशत
त्यसपछिको रू.	५,००,०००।– मा	५५ प्रतिशत
त्यसपछि माथि जतिसुकै भएपनि		६० प्रतिशत

(ग) २०३२ साल श्रावण १ गते जग्गावाला कायम रहेका व्यक्ति वा दम्पत्ति वा परिवारको ५ विगाहा वा सो बराबरको जग्गाको आयलाई गणना नगरी त्यसभन्दा बढी जग्गाको आयलाई देहायबमोजिम खेतीको खूद आय निर्धारण गरी अन्य आय भए सो समेत जोडी आयकर निर्धारण गरिनेछ।

जग्गाको किसिम	खूद आय प्रति विगाहा
अवल	रू. ६००।–
दोयम	रू. ४५०।–
सीम	रू. ३००।–
चाहार	रू. १५०।–

(घ) लकडीको विदेशी ठेक्दारलाई आयकरको प्रयोजनको लागि ठेक रकमको १५ प्रतिशतका दरले खूद आय कायम गरी आयकर लगाइनेछ।

(ङ) विदेशस्थित फिल्म वितरकहरूलाई निजले नेपाल अधिराज्यस्थित डिष्ट्रिब्यूटर सिनेमा हलवालाहरूबाट खूद पाउने रकममा मात्र ४० प्रतिशतका दरले कर लगाइनेछ।

(च) क्यासिनोले प्राप्त गरेको रकमको ४० प्रतिशतका दरले वा वार्षिक रू. १० लाख जुन बढी रकम हुन्छ त्यति रोयल्टी असूल उपर गरिनेछ। साथै साविकबमोजिम क्यासिनोले तिर्नु पर्ने आयकर लगायत अरू करहरू प्रचलित ऐन नियमबमोजिम नै तिर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–७
शहरी क्षेत्रको घर जग्गामा कर

घर र त्यसको लगापात जग्गाको मोल			करको दर
पहिलो	रू.	५०,०००।–	सम्म केही नलाग्ने
त्यसपछिको	रू.	५०,०००।–	सम्म रू. ५ प्रति हजार
त्यसपछिको	रू.	२,००,०००।–	सम्म रू. १० प्रति हजार
त्यसपछिको	रू.	५,००,०००।–	सम्म रू. २५ प्रति हजार
त्यसपछिको	रू.	५,००,०००।–	सम्म रू. ३० प्रति हजार
त्यसपछिको जतिसुकैमा रू.			३५ प्रति हजार

द्रष्टव्यः– कर निर्धारण गर्दा दम्पत्ति (वैवाहिक सम्बन्ध कायम रहेका पति-पत्नी), छुट्टिएका वा नछुट्टिएका नाबालक छोरा, छोरीसमेतको स्वामित्वमा रहेको सम्पूर्ण घर जग्गालाई एक एकाई मानिनेछ।

अनुसूची–८
घर जग्गा बहाल करको दर

बार्षिक बहालको रकम			करको दर प्रतिशत
	रू.	३,०००।– सम्म	केही नलाग्ने
त्यसपछिको	रू.	५,०००।– सम्म	१० प्रतिशत
त्यसपछिको	रू.	५,०००।– सम्म	१५ प्रतिशत
त्यसपछिको	रू.	५,०००।– सम्म	२० प्रतिशत
त्यसपछिको	रू.	५,०००।– सम्म	२५ प्रतिशत
त्यसपछिको	रू.	५,०००।– सम्म	३० प्रतिशत
त्यसपछिको	रू.	१०,०००।– सम्म	४० प्रतिशत
त्यसपछिको	रू.	१०,०००।– सम्म	५० प्रतिशत
त्यसभन्दा माथि जतिसुकैमा पनि			६० प्रतिशत

द्रष्टव्य (१) कर निर्धारण गर्दा व्यक्ति वा दम्पत्ति (वैवाहिक सम्बन्ध कायम रहेका पति–पत्नी) र छुट्टिएको वा नछुट्टिएको नाबालक छोरा छोरीको स्वामित्वमा रहेका समेत सम्पूर्ण घर जग्गालाई एउटै एकाई मानी घर जग्गा बहाल कर लगाइनेछ।

(२) घर बहालको आय निर्धारण र खूद आय निकाल्ने तरीका आय कर ऐन २०३१ को क्रमशः, दफा ६ र दफा १४ बमोजिम हुनेछ।

तर, आय कर ऐन, २०३१ को दफा १४ बमोजिम घर बहालको खूद आय निर्धारण गर्दा घर जग्गामा लागेको स्थानीय करबाहेक घर जग्गा कर तिरेको रकम कटाइने छैन।

(३) आफ्नो घर मर्मत गरी वा नयाँ घर बनाई केही समयसम्म बहाल नतिरी बस्न पाउने शर्तमा कसैलाई दिएको रहेछ भने त्यसरी सजिएको वा नयाँ बनाइएको घरको घर जग्गा कर ऐन, २०१९ अनुसार घरको औसत लागत खर्चमा मात्र हिसाब गरी ठहरिएको मूल्यको १० प्रतिशत वार्षिक बहालको अङ्क कायम गरी मर्मत इत्यादि बापत अन्य कुनै छूट नदिई घर जग्गा बहाल कर लगाइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–६
सवारीकर

राजमार्ग	सवारीको किसिम र दर	
	जीप, कार, स्टेशनवागन, भ्यान ल्याण्डरोभर, मिनीबस आदि	ट्रक, लरी, बस, ट्रयाक्टर आदि
अरनिको राजमार्ग १०२ कि. मि.		
(१) भक्तपुर–धुलिखेल	२।–	३।–
(२) धुलिखेल–दोलालघाट	३।–	४।५०
(३) दोलालघाट–बाह्रबिसे	३।–	४।५०
(४) बाह्रबिसे–कोदारी	२।–	३।–
त्रिशुली राजमार्ग ६७ कि. मि.		
(१) बालाजू–त्रिशुली	६।	८।
त्रिभुवन राजपथ १७६ कि. मि.		
(१) काठमाडौं–खानीखोला	३।–	४।५०
(२) खानीखोला–दामन	५।	७।५०
(३) दामन–हेटौंडा	६।–	८।–
(क) हेटौंडा–भैंसे	१।२५	२।–
(ख) भैंसे–दामन	४।७५	७।–
(४) हेटौंडा–पथलैया	३।–	४।५०
(५) पथलैया–बीरगञ्ज	३।–	४।५०
सिद्धार्थ राजमार्ग १८५ कि. मि.		
(१) पोखरा–स्याङजा	४।–	६।–
(२) स्याङजा–तानसेन	९।–	१३।५०
(३) तानसेन–बुटवल	३।–	४।५०
(४) बुटवल–भैरहवा	२।–	३।–
महेन्द्र राजमार्ग ४७४ कि. मि.		
(१) काकरभिता–विरतामोड	२।–	३।–
(२) विरतामोड–दमक	३।–	४।५०
(३) दमक–इटहरी	५।–	७।५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२५५

(४) इटहरी-भारदा	४।–	६।–
(क) इटहरी-इनर्वा	१।७५	२।७५
(ख) इनर्वा-भारदा	२।२५	३।२५
(५) भारदा-लाहान	७।–	१०।५०
(क) भारदा-कञ्चनपुर	१।५०	२।२५
(ख) कञ्चनपुर-लाहान	५।५०	८।२५
(६) लाहान-ढल्केवार	६।–	६।–
(७) ढल्केवार-बागमती पुल	५।–	७।५०
(८) बागमती पुल-पथलैया	५।–	७।५०
(९) पथलैया-हेटौंडा	३।–	४।५०
(१०) हेटौंडा-लोथर	४।–	६।–
(११) लोथर-नारायणघाट	४।–	६।–
विराटनगर-धरान ३६ कि. मि.		
(१) विराटनगर-इटहरी	२।–	३।–
(२) इटहरी-धरान	२।–	३।–
पृथ्वी राजमार्ग १८६ कि. मि.		
(१) खानीखोला नौबिसे–गजुरी	४।२५	६।५०
(२) गजुरी-मुगलिङ्ग	५।२५	८।–
(३) मुगलिङ्ग-दमौली	४।७५	७।२५
(४) दमौली-पोखरा	५।५०	८।२५

द्रष्टव्यः– (१) माथि उल्लिखित सवारी कर आउँदा–जाँदा दुबैतर्फ लागू हुनेछ ।

(२) राजमार्गको कुनै खण्डलाई आवश्यकतानुसार श्री ५ को सरकार उप-खण्डमा विभाजन गरी प्रत्येक उप-खण्डमा लाग्ने कर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ । यसरी अन्तर्विभाजित उप-खण्डहरूमा लाग्ने जम्मा कर मूल खण्डमा लागेको करभन्दा घटी–बढी हुने छैन ।

(३) यो ऐन प्रारम्भ भएपछि तयार हुने राजमार्गको हकमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो राजमार्गको खण्ड खण्ड गरी सोही सूचनामा तोकिएबमोजिम सवारी कर लगाइने र असूल उपर गर्न सक्नेछ ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१०
सवारी साधन कर

सवारीको किसिम	वार्षिक करको दर
१३०० सी. सी. सम्मको (कार,जीप,मिनीवस,भ्यान)	रू. २।– प्रति १० सी. सी.
१३०१ सी. सी. देखि २००० सी. सी. सम्म ”	रू. २।५० प्रति १० सी. सी.
२००१ सी. सी. देखि २६०० सी. सी. सम्म ”	रू. ३।– प्रति १० सी.सी.
२६०१ सी. सी. देखि बढी सी. सी. को ”	रू. ४।– प्रति १० सी. सी.
अटोरिक्सा (टेम्पो)	रू. १५०।–
मोटर साइकल, स्कूटर १५० सी. सी. सम्म	रू. ३५।–
मोटर साइकल, स्कूटर १५० सी. सी. देखि माथि	रू. ५०।–

अनुसूची–११
आय टिकट दस्तूर

आय टिकट लाग्ने लिखतमा	दस्तूर
बिगो अङ्क	
रू. ५०।– सम्म	केही नलाग्ने
” ५१।– देखि १०० सम्म	रू. १।–
” १०१।– देखि २०० सम्म	रू. २।५०
” २०१।– देखि ५०० सम्म	रू. ३।५०
” ५०१।– देखि १००० सम्म	रू. ४।५०
” १००१।– देखि माथि जतिसुकै भएतापनि प्रति हजारमा	रू. ३।५०

अनुसूची–१२
हातहतियार दस्तूर

सि. नं.	हातहतियारको किसिम	दर्ता गराउँदा		नवीकरण		इजाजत
		अञ्चलभर	अधिराज्यभर	अञ्चलभर	अधिराज्यभर	पटक १ को
१.	टोटावाल पिस्तौल, रिवल्भर वा राइफल (मिनिएचर बाहेक)	रू. ५०	रू. १००	रू. २५	रू. ५०	रू. ५०
२.	टोटावाल बन्दूक वा २२ बोर लगायत अन्य मिनिएचर राइफल	रू. ३०	रू. ६०	रू. १५	रू. ३०	रू. २५
३.	भरुवा बन्दूक (शटगन) वा पिस्तौल	रू. १५	रू. २५	रू. १०	रू. १५	रू. १०
४.	हवाहारी बन्दूक	रू. १०	रू. १५	रू. १०	रू. १५	रू. १०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१३

मालपोत

(क) नापी पूरा भई जग्गाको किसिम खुलेकोमा

(१) उपत्यकाको लागि

किसिम	माटो मुरी १ मा	रोपनी १ मा	क्षेत्रफल नखुलेकोमा
अवल	रु. ।६८	रु. ३।६२	–
दोयम	रु. ।८३	रु. ३।३२	–
सीम	रु. ।६८	रु. २।७२	–
चाहार	रु. ।५३	रु. २।१२	–
किसिम नखुलेकोमा	रु. ।५३	रु. २।१२	–
हले			रु. ४।५०
पाटे			रु. २।२५
कोदाले			रु. १।१३

द्रष्टव्यः– माथि लेखिएको किसिममा नपरेकोमा आर्थिक ऐन, २०२४ बमोजिम मालपोत लाग्नेछ।

(२) पहाडको लागि

किसिम	पाखा जग्गामा	अरू जग्गामा	
	रोपनी १ मा	माटो मुरी १ मा	रोपनी १ मा
अवल	रु. २।–	रु. ।७५	रु. ३।–
दोयम	रु. १।५०	रु. ।६५	रु. २।६०
सीम	रु. १।–	रु. ।५५	रु. २।२०
चाहार	रु. ।५०	रु. ।४५	रु. १।८०

(३) तराईको लागि

किसिम	बिगाहा १ मा
अवल	रु. ५१।–
दोयम	रु. ४४।–
सीम	रु. ३५।–
चाहार	रु. २७।–

(ख) नापी पूरा नभएको र किसिम नखुलेकोमा

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पहाड तथा तराईको लागि

माटो मुरी १ मा		रोपनी १ मा	क्षेत्रफल नखुलेकोमा	तराई बिगाहा१मा
किसिम नखुलेको	रू. ।४५	रू. १।८०	–	–
बीजन माना १ मा	–	–	रू. ।११	–
हले	–	–	रू. ३।३०	–
पाटे	–	–	रू. १।६५	–
कोदाले	–	–	रू. ।८३	–
रू. ३४। लागेकोमा	–	–	–	रू. ५१।
[illegible]६। लागेकोमा	–	–	–	रू. ३९।
रू. १८। लागेकोमा	–	–	–	रू. २७।

द्रष्टव्यः– पहाडतर्फ माथि लेखिएको किसिममा नपरेकोमा आर्थिक ऐन, २०२४ बमोजिम मालपोत लाग्नेछ ।

अनुसूची–१४

रजिष्ट्रेशन दस्तूर

लिखितको बिगो अंक	राजीनामा शेषपछिको बकसपत्र	वा अंशवण्डा
रू. ५००।– सम्म	केही नलाग्ने	केही नलाग्ने
रू. ५००।– देखि माथि रू. २५,०००।– सम्म	५ प्रतिशत	६ प्रतिशत
रू. २५,०००।– देखि माथि रू. ५०,०००।– सम्म	६ प्रतिशत	६ प्रतिशत
रू. ५०,०००।– देखि माथि रू. १,००,०००।– सम्म	७ प्रतिशत	६ प्रतिशत
रू. १,००,०००।– देखि माथि रू. ५,००,०००।– सम्म	८ प्रतिशत	७ प्रतिशत
रू. ५,००,०००।– देखि माथि जतिसुकैमा	१० प्रतिशत	८ प्रतिशत

अधिकारपत्र (मन्जुरनामा, अख्त्यारनामा) मा बिगो खोल्न नसकिने [illegible]

	रू. ४००।–
कार्यालयलाई घर बोलाई कागज पास गर्नेमा	रू. ५००।–
बिगो खोल्न नमिल्ने धर्मपुत्र राख्ने लिखतमा	रू. ५२०।–
बन्धकी तमसुकमा	३ प्रतिशत
अन्यमा	६ प्रतिशत

लिखतमा बिगो खुलाउनुपर्छ । तर धर्मपुत्र र अधिकारपत्रको लिखतमा बिगो खुलाउन बाध्य हुने छैन ।

नेपाल औद्योगिक विकास कर्पोरेशन र कृषि विकास बैङ्कले दिएको औद्योगिक र कृषि कर्जामा रजिष्ट्रेशन दस्तूर छुट गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, शहरी क्षेत्रको घर जग्गा तथा यस प्रयोजनको लागि शहरी क्षेत्र भनी घोषित गरिएको क्षेत्रको घर जग्गा राजीनामा गरेको लिखतमा देहायबमोजिम रजिष्ट्रेशन दस्तूर लाग्नेछः—

बिगो अङ्क	राजीनामा
रू. २५,०००।– सम्म	७ प्रतिशत
रू. २५,०००।– देखि माथि रू. ५०,०००।– सम्म	८ प्रतिशत
रू. ५०,०००।– देखि माथि रू. १,००,०००।– सम्म	९ प्रतिशत
रू. १,००,०००।– देखि माथि रू. ५,००,०००।– सम्म	१० प्रतिशत
रू. ५,००,०००।– देखि माथि जतिसुकैमा	१२ प्रतिशत

लालमोहर सदर मितिः— २०३२।५।२०।६

आज्ञाले–
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार